# ...रक्षित र बालमैत्री वातावरणमा शिक्षा पाउनु सम्पूर्ण बालबालिकाहरूको अधिकार हो ।

## ...भूमि :

विद्यालय सबै बालबालिकाको शिक्षा आर्जन गर्ने साझा थलो ...हरेक बालबालिकाको शैक्षिक अवसर प्राप्त गर्ने र सर्वाङ्गीण विकास ...झा थलो विद्यालय नै भएकोले यसभित्र पर्याप्त खेल्नेचौर, पुस्तकालय, ...कलो पढ्ने कोठा लगायतका आधारभूत सुविधाहरू हुनु अपरिहार्य ...विद्यालयभित्र बालबालिकाहरूलाई शिक्षकहरूको माया ममता बालमैत्रीपूर्ण ...र, रमाइलो र सुरक्षित वातावरण महसुस भएमा बालबालिकाहरूमा ...त विद्यालय पढ्न जाने चाहना बढ्दै जान्छ ।

विद्यालय जाने उमेर पुगेका बालबालिकाहरूका लागि विद्यालयभित्र ...त र भयरहित भई पढ्न र लेख्न स्वच्छ वातावरण सिर्जना गरी ...लबालिकालाई शैक्षिक विकास गर्ने पूर्ण अवसर दिलाउन हामी सबै ... विद्यालयलाई शान्तिक्षेत्र बनाउनु आजको आवश्यकता देखिन आएको

## ...लय शान्तिक्षेत्र अभियान भनेको के हो ?

राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ लगायत अन्य राष्ट्रिय ... अन्तर्राष्ट्रिय मापदण्ड एवं प्रावधानहरूद्वारा प्रदत्त आधारभूत ...धिकारहरूको संरक्षण तथा सम्वर्द्धन गराउँदै विद्यालय जाने उमेर ... सम्पूर्ण बालबालिकाहरूलाई भयरहीत वातावरणमा विद्यालयमा पढ्न ...न सक्ने वातावरण अविलम्बरूपमा व्यवस्था गरिदिनुपर्दछ । समाजमा ...न राजनैतिक तथा सामाजिक द्वन्द्वका कारण बालबालिकाहरू हालसम्म ...ढुक्क भएर विद्यालय जान सकिरहेका छैनन् । यस समस्याको निराकरण ...गराउन एक व्यक्ति, एक समूह र एक निकायबाट मात्र सम्भव छैन ... सम्पूर्ण सरोकारवाला निकायहरू, राजनैतिक पार्टीहरू, नागरिक ..., सामाजिक संघ-संस्था र राज्य समेतको साझा प्रयासबाट लक्षित ...लिकाहरूलाई भयरहीत वातावरणमा विद्यालयमा पढ्न र लेख्न सक्ने ...रण सिर्जना गर्न, गराउन गरिएको सामुहिक प्रयासहरू नै वास्तवमा ...लय शान्ति क्षेत्र अभियान हो ।




## विद्यालय शान्तिक्षेत्र अभियान किन ?

**किनकि :**

**क) सुरक्षित वातावरण छैन ।**

नेपालमा विगत ११ वर्ष अगाडिदेखि चलेको सशस्त्र जनयुद्धले पनि अधिकतम असरहरू बालबालिकाहरूमा र विद्यालयहरूमा पर्नगएको थियो । लोकतन्त्र पछिका दिनहरूमा दोहोरो सशस्त्र भिडन्त नभए तापनि जनप्रर्दशनका नाममा हजारौं स्कुले बालबालिकाहरू विद्यालय परिसरबाटै राजनैतिक आमसभाहरूमा लैजाने र सयौं बालबालिकाहरू बालसैनिकका रूपमा होमिने क्रम बढ्दो रूपमा देखिएको छ । तसर्थ बालबालिकाको लागि पढ्ने र लेख्ने भयरहित वातावरण भने अझै पनि छैन तथापि द्वन्द्वका कारण बीचैमा विद्यालय छाडेका बालबालिकाहरू पुनः विद्यालयमा फर्केर सुरक्षितसाथ विद्यालयमा पढ्न सकिरहेका छैनन् ।

**ख) विद्यालयमा आम बालबालिकाको समान सहभागिता हुन सकेको छैन ।**

समाजमा विद्यमान आर्थिक विपन्नता, पुरातनवादी धार्मिक मूल्य र मान्यता, जातीय तथा लैङ्गिक विभेदताका कारण समाजका सबै वर्ग, लिङ्ग, धर्म र जनजातिका बालबालिकाहरूले विद्यालयमा पढ्ने समान अवसर पाउन सकेका छैनन् । यस्तो अवस्था कायम भइरहेमा सबै विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालय शिक्षाबाटै सदैव वञ्चित भई नै रहन्छन् ।

**ग) विद्यालय बालमैत्रीपूर्ण वातावरणमा चल्न सकेको छैन ।**

नेपालका अधिकांश विद्यालयहरूमा पर्याप्त भौतिक सुविधाहरू छैनन्, पर्याप्त शिक्षक दरवन्दीहरू पनि छैनन्, विद्यालयभित्र बालबालिकाहरूलाई मानसिक र शारीरिक दण्डसजाय दिएर पढाउने चलन अझै कायम रहँदै आएको छ तसर्थ विद्यालयभित्र अझै पनि बालमैत्रीपूर्ण व्यवहार बालमैत्रीपूर्ण वातावरणमा विद्यालय सञ्चालन हुन सकिरहेको अवस्था छैन ।

विद्यालयलाई शान्तिक्षेत्र बनाउन वाधा पुऱ्याउने यी माथिका पक्षहरूको न्यूनीकरण गर्न, गराउन समाजका सबै सरोकारवाला निकायहरू, राजनैतिक पार्टीहरू, नागरिक समाज, संघ-संस्था र राज्य समेतलाई सचेत




बनाउँदै, सबै पक्षलाई यस अभियानमा क्रियाशील बनाई नेपालका आम विद्यालयको आँगनसम्म विद्यालय शान्तिक्षेत्रको सन्देश पुऱ्याउन यो अभियान अगाडि ल्याइएको हो ।

## यो अभियानको लक्ष्य के रहेको छ ?

विद्यालयलाई शान्तिक्षेत्रको रूपमा स्थापित गर्दै आम बालबालिकाहरूलाई सुरक्षित र भयरहित भएर पढ्न र लेख्न सक्ने वातावरणको सुनिश्चितता प्रदान गर्नु अभियानको लक्ष्य रहेको छ ।

## अभियानको प्रमुख उद्देश्य के रहेको छ ?

आम बालबालिकाहरूले आफूलाई सुरक्षित महसुस गरी भयरहीत भएर विद्यालयमा पढ्ने र लेख्ने वातावरण निर्माण गरी विद्यालयलाई शान्तिक्षेत्रको रूपमा स्थापित गर्नु यस अभियानको प्रमुख उद्देश्य हुनेछ ।

## यस वर्षको अभियानको लक्षित क्षेत्र कहाँ रहने छ र किन ?

युनिसेफ नेपालले सन् १९९८ देखि हालसम्म निरन्तर रूपमा काभ्रेपलान्चोक जिल्लाका २७ वटा गाविसहरूमा महिला तथा बालबालिकाहरूका लागि विकेन्द्रित कार्यक्रम (डकाव कार्यक्रम) लागु गरिरहेको छ । यस कार्यक्रमले काभ्रे जिल्लाका २७ वटा गाविसहरूका आम बालबालिकाहरूले शिक्षा, स्वास्थ्य, पोषण, खोप र बाल/अधिकार संरक्षणजस्ता आधारभूत सेवाहरूबाट प्रत्यक्ष लाभ पाइरहेका छन् । यसै कार्यक्रमसँगै जोडेर विद्यालयलाई शान्ति क्षेत्र बनाउने कार्यक्रम लागू गर्दा थप महत्वपूर्ण र प्रभावकारी हुने भएकोले यस वर्ष डकाव कार्यक्रम लागु भएका गाविसहरूमध्ये कात्तिके देउराली, सीसाखानी, फलामेटार, च्यामराङवेशी, पोखरी नारायणस्थान र वालुवापाटी देउपुर गरी ६ वटा गाविसहरूका ३९ वटा विद्यालयहरूमा कार्यक्रम सञ्चालन गरिएको हो ।

## प्रत्यक्ष लक्षित समूह को - को हुनेछन् ?

विद्यालय पढ्ने उमेरका सम्पूर्ण (गरीब, दलित, जनजाति र उपेक्षित समुदायका) बालबालिकाहरू यस अभियानको प्रत्यक्ष लक्षित समूहको रूपमा रहनेछन् ।

